# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ३७) काठमाडौं, असोज ५ गते २०४४ साल (अतिरिक्ताङ्क ३० (ख)

## भाग ४

### श्री ५ को सरकार

### वन तथा भू-संरक्षण मन्त्रालयको

### सूचना १

श्री ५ को सरकारले मिति २०४४।२।२७ गतेको निर्णयानुसार खण्ड ३६ मिति २०४३।१२।५ अतिरिक्ताङ्क ५१(क) को नेपाल राजपत्र भाग ४ मा प्रकाशित यस मन्त्रालयको सूचनाबमोजिम गठित इलाम जिल्ला वनक्षेत्र सुदृढीकरण उच्चस्तरीय आयोगको कार्यावधि समाप्त भएको मितिले २०४५ साल आषाढ मसान्तसम्मको लागि थप गरी उक्त आयोगको काम, कर्तव्य र अधिकारको क्र. सं. १२ पछि देहायबमोजिम थप गरेकोले यो सूचना प्रकाशित गरेको छ।

१. "ल्याण्ड यूज म्याप" श्री ५ को सरकारले स्वीकृत गरेर वन नै कायम गर्नु पर्ने ठहर भएको वनक्षेत्रमा अतिक्रमण गरी बसोवास गरेकाहरूलाई उठाई वन सुरक्षित गर्ने।

२. वनक्षेत्रमा अतिक्रमण गरी बसेकाहरूलाई उठाउँदा तिनीहरूमध्ये अन्यत्र बसोवासको व्यवस्था नमिलाइदिई नहुने आश्रयहीन परिवारहरूलाई निम्न अनुसारको जग्गामा व्यवस्थित रूपमा बसोवास गराउने दृष्टिकोण राखने।

(क) सोही जिल्लामा भूमिसुधार अन्तर्गत हदबन्दी भन्दा बढी भएको जफती जग्गा (मोही नलागेको) भए त्यसमा,

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ख) पर्ति जग्गालाई चारकिल्ला सीधा सीमा निर्धारण गरी गाउँ पञ्चायत क्षेत्रमा भए चरण जस्तै सार्वजनिक र नगर पञ्चायत क्षेत्रमा भए पार्क जस्तै सार्वजनिक जग्गा राख्ने । बिक्री वितरण नगर्ने यसरी सीधा सीमा निर्धारण गर्दा बाहिर परेका बाँकी पर्ति, ऐलानी र नदी उकास जग्गामा,

(ग) पुनर्वास कम्पनीले बसोवास गराउने कामको लागि वन विभागबाट प्राप्त गरेको जग्गामध्येबाट तोकिएको काममा लगाई बाँकी रहेको जग्गामा ।

३. साविक नम्बरी दर्ता भएको तर नापीमा छुट भएको छुट जग्गा दर्ता गर्ने अधिकार मालपोत ऐन, नियमले मालपोत विभागको स्वीकृति लिई मालपोत कार्यालयले गर्न सक्ने व्यवस्था भैरहेकोमा आयोग कार्यरत जिल्ला वा ठाउँमा सो अधिकार आयोगलाई दिइएको छ तर सुरक्षित राख्नु पर्ने वन जङ्गलको जग्गालाई छुट जग्गा दर्ताको निहुँबाट कसैको नाउँमा दर्ता गर्न नहुने, वन जङ्गल नै कायम राख्नु पर्नेछ ।

४. अव्यवस्थित बसोवासलाई व्यवस्थित गराई जग्गा दर्ता गरी दिने सम्बन्धमा उपलब्ध जग्गामध्येबाट सबैलाई पुऱ्याउने दृष्टिकोण राखी एक परिवारलाई बढीमा १.५ (डेढ) बिघासम्म र घटीमा कतिसम्म दिन उपयुक्त हुन्छ आयोगले ठहर गरी सम्बन्धित व्यक्तिको नाममा दर्ता गरी दिने ।

५. माथिका दफाहरूबमोजिम जग्गा दर्ता हुनेमा देहाय अनुसार जग्गाको मोल र मालपोत श्री ५ को सरकारले लिने । जग्गाको मूल्य र मालपोत भुक्तानी सम्बन्धमा सामान्यतया ५ वर्षभित्र ५ किस्तामा बुझाउनु पर्ने तर जग्गा प्राप्त गर्ने व्यक्तिको आर्थिक स्थितिले गर्दा भुक्तानी गर्ने क्षमता नभएकोमा आयोगले स्पष्ट रूपमा कैफियत जनाई बढीमा १० वर्षभित्र १० किस्तामा भुक्तानी दिन पाउने गरी ठहर गरी दिन सक्नेछ ।

मोल (दर्ता दस्तुर) सम्बन्धमाः–

(क) पहिले नै चलन पूर्जि पाई भोग गरेका व्यक्तिहरूलाई श्री ५ को सरकारले उसै बखत बसाई सकेको हुनाले निजहरूलाई अतिक्रमणकारी भन्न नमिल्ने हुँदा त्यस्ता चलन पूर्जि पाइसकेका व्यक्तिहरूले भोग गरेको जग्गा र नापी हुँदा कै बखत आबादी भएको फिल्डबुकमा जोताहा समेत कतै उल्लेख भै सकेका त्यस्ता व्यक्तिबाट वा त्यस्ता व्यक्तिले छोडपत्र गरी लिने व्यक्तिबाट मालपोत कार्यालयबाट



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

रजिष्ट्रेशन पारित गर्ने प्रमाणको लागि मूल्याङ्कन भएको न्यूनतम मूल्यको ३० प्रतिशत मूल्य लिने ।

(ख) पर्ति तथा अन्य आवाद नभएका जग्गाहरू र वनक्षेत्रको जग्गा अतिक्रमण भएको वा पछि वन सिमाना सारे पछि खाली गरिएका जग्गामा अतिक्रमण भएको गा. पं. क्षेत्रको जग्गाको हकमा त्यस्ता व्यवस्थित गरिने परिवारहरूको नाउँमा जग्गा दर्ता गर्दा मालपोत कार्यालयबाट निर्धारण गरिएको न्यूनतम मूल्यको ५० प्रतिशत मूल्य लिने ।

(ग) शहरी क्षेत्रको यस किसिमको बसोवासलाई व्यवस्थित गर्न खण्ड (क) बमोजिम जग्गाको हकमा तोकिएको न्यूनतम मूल्यको ६० प्रतिशत र खण्ड (ख) को जग्गाको हकमा न्यूनतम मूल्य बराबरको मूल्य लिने ।

जग्गाको मूल्य असूल गर्दा खण्ड (क) को हकमा ३ वर्षभित्र ३ किस्तामा, खण्ड (ख) र (ग) को हकमा ५ वर्षभित्र ५ किस्तामा असूल गर्ने ।

न्यूनतम मूल्याङ्कनको प्रयोजनको लागि आयोगले दर्ता गर्न निर्णय गरेको मितिमा जुन मूल्याङ्कन कायम छ सोहीबमोजिम गर्ने । एक मुष्ठ रकम बुझा बुझाउनेलाई २० प्रतिशत मिन्हा दिने ।

मालपोत

मालपोतको हकमा सम्बन्धित जिल्लामा मालपोत ऐन लागू भएको सालमा भोग गरेको सालको आधारमा बढीमा ५ वर्षदेखि लिने ।

यस्तो मोल मालपोतको सम्बन्धमा दर्ता भए पछि दर्ता गर्ने कार्यालयले मोल कति लिनु पर्ने हो र कति किस्तामा लिनु पर्ने साथै मालपोत कुन सालदेखि असूल गर्नु पर्ने हो व्यक्तिको नाम सहितको फाँटवारी लेखी पठाउनुपर्छ र मालपोत कार्यालयले पनि सोहीबमोजिम असूल गर्नुपर्छ ।

६. बसोवास व्यवस्थित गर्ने सिलसिलामा एक जनाको नाउँको पूर्जाको जग्गामा अरूले जोत कमोद गरिरहेकोले खिचोला भइरहेकोमा कानून तथा वास्तबिकता दुवै स्थितिलाई हेरी औचित्य एवं सामाजिक न्यायको आधारमा समस्याको समाधानको लागि आवश्यक तथ्याङ्क एवं विवरण राखी आयोगले वन तथा भू-संरक्षण मन्त्रालयमा सिफारिश प्रस्तुत गर्ने ।

७. आयोगहरूले काम गर्दा २०३८ सालसम्मको लगतको आधारमा गर्ने भन्ने पहिलेको निर्णयमा उल्लेख भएकोमा त्यस्तो लगत नभएको स्थितिमा आयोगले नै लगत सम्पादन गरी कारवाही गर्ने ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

८. आयोगले काम गर्दा समाधान गर्न सजिलो किसिमका कामहरू पहिले सम्पन्न गर्ने दृष्टिकोण राख्ने । निम्न क्रममा समस्याहरूको समाधान गर्ने काम सम्पन्न गर्दै जाने–

(क) बसोवास गराई सकेकाहरूको नाममा जग्गा दर्ता गरी लालपूर्जा वितरण नभएको,

(ख) श्री ५ को सरकारको निर्णयानुसार बसोवास गर्ने काम अधूरो रहेको,

(ग) बसोवासको जग्गालाई ४ बिघाबाट १.५ बिघा र त्यसपछि १० कठ्ठा गरी क्रमिक रूपमा घटाएबाट उत्पन्न समस्या,

(घ) बाढीपीडितहरूको बसोवास समस्या,

(ङ) अतिक्रमण समस्या ।

## सूचना २

श्री ५ को सरकारले मिति २०४४।२।२७ गतेको निर्णयानुसार खण्ड ३६ मिति २०४३।१२।५ अतिरिक्ताङ्क ५१ (क) को नेपाल राजपत्र भाग ४ मा प्रकाशित यस मन्त्रालयको सूचनाबमोजिम गठित डँडेलधुरा जिल्ला वनक्षेत्र सुदृढीकरण उच्चस्तरीय आयोगको कार्यावधि समाप्त भएको मितिले २०४५ साल आषाढ मसान्तसम्मको लागि थप गरी उक्त आयोगको काम, कर्तव्य र अधिकारको क्र.सं. १२ पछि देहायबमोजिम थप गरेकोले यो सूचना प्रकाशित गरेको छ ।

१. ल्याण्ड यूज म्याप श्री ५ को सरकारले स्वीकृत गरेर वन नै कायम गर्नु पर्ने ठहर भएको वनक्षेत्रमा अतिक्रमण गरी बसोवास गरेकाहरूलाई उठाई वन सुरक्षित गर्ने ।

२. वनक्षेत्रमा अतिक्रमण गरी बसेकाहरूलाई उठाउँदा तिनीहरूमध्ये अन्यत्र बसोबासको व्यवस्था नमिलाइदिई नहुने आश्रयहीन परिवारहरूलाई निम्न अनुसारको जग्गामा व्यवस्थित रूपमा बसोवास गराउने दृष्टिकोण राख्ने ।

(क) सोही जिल्लामा भूमिसुधार अन्तर्गत हदबन्दी भन्दा बढी भएको जफती जग्गा (मोही नलागेको) भए त्यसमा,

(ख) पर्ति जग्गालाई चारकिल्ला सीधा सीमा निर्धारण गरी गाउँ पञ्चायत क्षेत्रमा भए चरण जस्तै सार्वजनिक र नगर पञ्चायत क्षेत्रमा भए पार्क जस्तै सार्वजनिक जग्गा राख्ने । बिक्री वितरण नगर्ने यसरी सीधा सीमा निर्धारण गर्दा बाहिर परेका बाँकी पर्ति, ऐलानी र नदी उकास जग्गामा,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ग) पुनर्वास कम्पनीले बसोवास गराउने कामको लागि वन विभागबाट प्राप्त गरेको जग्गामध्येबाट तोकिएको काममा लगाई बाँकी रहेको जग्गामा ।

३. साविक नम्बरी दर्ता भएको तर नापीमा छुट भएको छुट जग्गा दर्ता गर्ने अधिकार मालपोत ऐन, नियमले मालपोत विभागको स्वीकृति लिई मालपोत कार्यालयले गर्न सक्ने व्यवस्था भैरहेकोमा आयोग कार्यरत जिल्ला वा ठाउँमा सो अधिकार आयोगलाई दिइएको छ तर सुरक्षित राख्नु पर्ने वन जङ्गलको जग्गालाई छुट जग्गा दर्ताको निहुँबाट कसैको नाउँमा दर्ता गर्न नहुने, वन जङ्गल नै कायम राख्नु पर्नेछ ।

४. अव्यवस्थित बसोवासलाई व्यवस्थित गराई जग्गा दर्ता गरी दिने सम्बन्धमा उपलब्ध जग्गामध्येबाट सबैलाई पुर्‍याउने दृष्टिकोण राखी एक परिवारलाई बढीमा १.५ (डेढ) बिघासम्म र घटीमा कतिसम्म दिन उपयुक्त हुन्छ आयोगले ठहर गरी सम्बन्धित व्यक्तिको नाममा दर्ता गरी दिने ।

५. माथिका दफाहरू बमोजिम जग्गा दर्ता हुनेमा देहाय अनुसार जग्गाको मोल र मालपोत श्री ५ को सरकारले लिने । जग्गाको मूल्य र मालपोत भुक्तानी सम्बन्धमा सामान्यतया ५ वर्षभित्र ५ किस्तामा बुझाउनु पर्ने तर जग्गा प्राप्त गर्ने व्यक्तिको आर्थिक स्थितिले गर्दा भुक्तानी गर्ने क्षमता नभएकोमा आयोगले स्पष्ट रूपमा कैफियत जनाई बढीमा १० वर्षभित्र १० किस्तामा भुक्तानी दिन पाउने गरी ठहर गरी दिन सक्नेछ ।

मोल (दर्ता दस्तुर) सम्बन्धमाः–

(क) पहिले नै चलन पूर्जि पाई भोग गरेका व्यक्तिहरूलाई श्री ५ को सरकारले उसै बखत बसाई सकेको हुनाले निजहरूलाई अतिक्रमणकारी भन्न नमिल्ने हुँदा त्यस्ता चलन पूर्जि पाइसकेका व्यक्तिहरूले भोग गरेको जग्गा र नापी हुँदा कै बखत आवादी भएको फिल्डबुकमा जोताहा समेत कतै उल्लेख भै सकेका त्यस्ता व्यक्तिबाट वा त्यस्ता व्यक्तिले छोडपत्र गरी लिने व्यक्तिबाट मालपोत कार्यालयबाट रजिष्ट्रेशन पारित गर्ने प्रमाणको लागि मूल्याङ्कन भएको न्यूनतम मूल्यको ३० प्रतिशत मूल्य लिने ।

(ख) पर्ति तथा अन्य आवाद नभएका जग्गाहरू र वनक्षेत्रको जग्गा अतिक्रमण भएको वा पछि वन सिमाना सारे पछि खाली गरिएका जग्गामा अतिक्रमण भएको गा. पं. क्षेत्रको जग्गाको हकमा त्यस्ता व्यवस्थित गरिने परिवारहरूको नाउँमा



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

जग्गा दर्ता गर्दा मालपोत कार्यालयबाट निर्धारण गरिएको न्यूनतम मूल्यको ५० प्रतिशत मूल्य लिने ।

(ग) शहरी क्षेत्रको यस किसिमको बसोवासलाई व्यवस्थित गर्न खण्ड (क) बमोजिम जग्गाको हकमा तोकिएको न्यूनतम मूल्यको ६० प्रतिशत र खण्ड (ख) को जग्गाको हकमा न्यूनतम मूल्य बराबरको मूल्य लिने ।

जग्गाको मूल्य असूल गर्दा खण्ड (क) को हकमा ३ वर्षभित्र ३ किस्तामा, खण्ड (ख) र (ग) को हकमा ५ वर्षभित्र ५ किस्तामा असूल गर्ने ।

न्यूनतम मूल्याङ्कनको प्रयोजनको लागि आयोगले दर्ता गर्ने निर्णय गरेको मितिमा जुन मूल्याङ्कन कायम छ सोहीबमोजिम गर्ने । एक मुष्ट रकम चुक्ता बुझाउनेलाई २० प्रतिशत मिन्हा दिने ।

मालपोत

मालपोतको हकमा सम्बन्धित जिल्लामा मालपोत ऐन लागू भएको सालमा भोग गरेको सालको आधारमा बढीमा ५ वर्षदेखि लिने ।

यस्तो मोल मालपोतको सम्बन्धमा दर्ता भए पछि दर्ता गर्ने कार्यालयले मोल ति लिनु पर्ने हो र कति किस्तामा लिनु पर्ने साथै मालपोत कुन सालदेखि असूल गर्नु गर्ने हो व्यक्तिको नाम सहितको फाँटवारी लेखी पठाउनुपर्छ र मालपोत कार्यालयले पनि सोहीबमोजिम असूल गर्नुपर्छ ।

६. बसोवास व्यवस्थित गर्ने सिलसिलामा एक जनाको नाउँको पूर्जाको जग्गामा अरूले जोत कमोद गरिरहेकोले खिचोला भइरहेकोमा कानून तथा वास्तविकता दुवै स्थितिलाई हेरी औचित्य एवं सामाजिक न्यायको आधारमा समस्याको समाधानको लागि आवश्यक तथ्याङ्क एवं विवरण राखी आयोगले वन तथा भू-संरक्षण मन्त्रालयमा सिफारिश प्रस्तुत गर्ने ।

७. आयोगहरूले काम गर्दा २०३८ सालसम्मको लगतको आधारमा गर्ने भन्ने पहिलेको निर्णयमा उल्लेख भएकोमा त्यस्तो लगत नभएको स्थितिमा आयोगले नै लगत सम्पादन गरी कारवाही गर्ने ।

८. आयोगले काम गर्दा समाधान गर्न सजिलो किसिमका कामहरू पहिले सम्पन्न गर्ने दृष्टिकोण राख्ने । निम्न क्रममा समस्याहरूको समाधान गर्ने काम सम्पन्न गर्दै जाने–

(क) बसोवास गराई सकेकाहरूको नाममा जग्गा दर्ता गरी लालपूर्जा वितरण नभएको,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ख) श्री ५ को सरकारको निर्णयानुसार बसोवास गर्ने काम अधूरो रहेको,

(ग) बसोवासको जग्गालाई ४ बिघाबाट १.५ बिघा र त्यसपछि १० कठ्ठा गरी क्रमिक रूपमा घटाएबाट उत्पन्न समस्या,

(घ) बाढीपीडितहरूको बसोवास समस्या,

(ङ) अतिक्रमण समस्या ।

आज्ञाले,
वीरेन्द्रनाथ खुंजेली
श्री ५ को सरकारको सचिव



श्री ५ को सरकारको छापाखाना, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

मुद्रण विभाग, सिंहदरबार
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
६८७८

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।